संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन



सुमन्त माईलाको राजनीतिमा चासो

■ बर्ष-१५, ▸▸ अंक ३५३ ▸▸ असार २९ मंगलबार,२०७८, July-13 Tuesday 2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com

## काङ्ग्रेस अघि-अघि, माओवादी पछ्याउँदै, एमाले चुपचाप

❖ बुद्धि कुमार राई

*उदयपुर, असार २८*

अहिले तत्काल चुनाव हुने हो भने नेपाली कांग्रेस स्वाभाविक रुपमा पहिलो स्थानमा, नेकपा (एमाले) दोस्रो र नेकपा (माओवादी केन्द्र) तेस्रो हुने सम्भावना छ। सोमबार साँझ उदयपुर सदरमुकाम गाईघाटमा कांग्रेसले बिपी चोकमा दिप प्रज्वलन गरेपछि माओवादी केन्द्रले लोकतान्त्रिक चोकमा दिपावली गर्यो। सत्तारुढ एमालेका कार्यकर्ता भने सरकार गुम्दै जाँदा निरीह भएर कांग्रेस र माओवादीको दिप प्रज्वल हेरेर बस्न बाध्य भए ।







सर्वोच्च अदालतले सत्तारुढ दल नेकपा (एमाले)का अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको संसद विघटनको निर्णयलाई बदर गर्दै संसद पुनःस्थापना गरेको खुसीयालीमा उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, बेलका नगरपालिकाको रामपुर बजार, चौदण्डीगढी नगरपालिकाको बेल्टार लगायत ठाउँमा दिपावली गरिएको थियो। सर्वोच्चको फैसला आएको सोमबार साँझ सदरमुकाम गाईघाटमा नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले दिपावली गरेका हुन् । नेकपा (माओवादी केन्द्र)निकट योङ कम्युनिष्ट लिग (वाईसिएल) उदयपुरले छुट्टाछुट्टै कार्यक्रम गरी दिपावली गरेका हुन्। कांग्रेसनिकट नेपाल विद्यार्थी संघले गाईघाट बिपी चोकमा र वाईसिएलले लोकतान्त्रिक चोकमा दिपावली गरेको हो। एमालेका माधवकुमार नेपाल समूहका २३ सांसदसहित माओवादी केन्द्रको सहयोगमा कांग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री नियुक्तिको दावी गर्दै परेको रिटमा सर्वोच्चको संवैधानिक इजालसले संसद पुनःस्थापना, देउवालाई प्रधानमन्त्री नियुक्त गर्न र सांसदलाई ह्वीप नलाग्ने फैसला गरेको थियो। नेविसंघले आयोजना गरेको दिपावलीमा बोल्दै कांग्रेसका क्षेत्रीय सभापति बसन्त बस्नेतले फैसलाले नेपालको राजनीतिमा बिधिको शासन कामय राख्न र प्रतिनिधिसभा विघटनको गलत कदम सच्याउँदै संविधानको रक्षा गर्न सहयोग गरेको बताए। उनले आफूबाहेक सबैलाई अयोग्य देख्ने र सत्ताका लागि जे पनि गर्न तयार

- बाँकी ३ पेजमा

## तीन करोड बढी विद्युत महसुल

❖ मुलुकी संवाददाता



बिधुत शुल्क तिर्न गाईघाट बितरण केन्द्रमा आएका सेवाग्राहीहरु प्रतिक्षामा। बिधुत प्राधिकरण गाईघाट बितरण केन्द्रमा तिन जना बिधुत शुल्कको बिल काट्ने काउन्टर हुँदा समेत सेवाग्राहीले छिटो र छरिटो तरिकाले सेवा पाउन सकेको छैन। तस्बिर - मुलुकी

***गाईघाट, असार २८***

नेपाल विद्युत प्राधिकरणले निशेधाज्ञा अवधिको बिद्युत महशुलमा जम्मा शूल्कको २ प्रतिशत छुट दिने भएपछि अहिले प्राधिकरण बितरण केन्द्र गाईघाटमा सेवाग्राहीको भिड लागेको छ।

उदयपुरमा जम्मा ४४ हजार सेवाग्राही रहेको विद्युत प्राधिकरणको गाईघाट बितरण केन्द्र प्रमुख रोशनकुमार सिंहले जानकारी दिएका छन्। निशेधाज्ञा अवधि २०७८ बैशाख १९ गतेदेखि असार २९ गतेसम्मको बिद्युत महसुलमा प्राधिकरणले दुई प्रतिशत छुट दिने भएपछि महसुल तिर्न अहिले सेवाग्राहीको भिड लागेको हो। ४४ हजारमध्ये ४ हजार ५ सय सामुदायिक विद्युत सेवा केन्द्र बेलका ठोक्शिलाले बितरण गरेको छ। त्यस्तै कटारी सामुदायिक बिद्युत सेवा केन्द्रमा ३ हजार सेवाग्राही, उदयपुरगढी सामुदायिक बिधुत सेवा केन्द्रमा ३ हजार सेवाग्राही छन्।

अर्को सामुदायिक बिद्युत सेवा प्रदान गर्ने कटारीकै १४ नम्बर वडामा ३ सय ५० सेवाग्राहीले सेवा लिईरहेको प्रमुख केन्द्रले बताएका छन्। उदयपुरमा बिद्युत महसुलबापत मासिक ३ करोड रुपैंया संकलन हुने गरेको प्रमुख साहले बताए। सबैभन्दा बढी महसुल महसुल उदयपुर सिमेन्ट उद्योग लि. जलजलेबाट मासिक २ करोड उठ्दै आएको छ।



## सम्पादकिय

# हराईएला एमाले ।

नेकपा एमाले अहिले सरकारबाट बाहिरिदै गर्दा आफुले गरेको गल्ती कमजोरीलाई आत्ममुल्याङ्कन गरेर अघि बढ्न सक्नु नेकपा एमालेको लागि हित हुनेछ । ४ बर्ष अघि भएको स्थानीय चुनावमा नेकपा एमालेलाई सो बेलामा पनि जित हासिल गर्न मुश्किल परेको थियो। अहिले तत्काल चुनाव गराउने हो भने नेकपा एमालेलाई खतराको घण्टी बज्न सक्छ ।

पाटी अहिले एक हुने तरखरमा रहेको बेला नेकपा एमाले एक अर्कामा नेतृत्वमा सहमतिमा गरेर पाटी एक हुन जरुरी छ। गएको चुनावमा नेकपा एमाले र नेकपा माओवादी मिल्दा समते काग्रेसलाई जित्न कठिन परेको उदाहरण हामी माझ जडेर बसेको छ। अब नेकपा एमाले मिल्दै गर्दा केपी वली र माधव नेपालको पक्षको कार्यकर्ताले आफुले जिम्मेवारी लिदै गर्दा म पछि अन्य कार्यकर्ताले पनि जिम्मेवारी लिन बाँकी छ भन्ने हेक्का राख्न गरुरी छ। नेकपा एमाले माधव नेपाल पक्ष र केपी ओली पक्षले नेतृत्व दावी गर्ने तयारीमा छन् । यतिको लामो विवादसम्म नेकपा एमाले आउनुको कारण कुनै पनि पाटी नीति, नियम, प्रावधान मानेर पाटी चल्नु पर्दछ । यहि मुख्य कारणले नेकपा एमालेमा विबाद सिर्जना भएको हो। अब पाटी एक हुँदैछ । करिब एक बर्षपछि पुन निर्बाचन हुँदैछ । यसको लागि नेकपा एमाले पदको कुरामा अलमल नगरी पाटी संगठन मजबुत बनाउन लाग्नुपर्दछ।

नेकपा एमाले उदयपुरको चार गाउँपालिका, चार नगरपालिकाको विभिन्न कमिटीमा रहेको दुई पक्ष नमिल्दा नेकपा एमाले आगामी चुनावमा पछाडी पर्दैछ। अहिलेको अबस्थामानै एमाले रहने हो भने एमाले ३ नम्बरमा रहनेछ। तर संभावना के पनि छ भने पाटी एक ढिक्का भएर अगाडी बढ्ने हो भने नेपाली काङ्ग्रेसलाई आतुर पार्न सक्ने नेकपा एमाले नै हो । चार बर्षसम्म सरकार संचालन गर्दाको हतारोलाई बिसाउन पनि यो प्रक्रियाले नेकपा एमालेलाई बिश्राम लिने सहज बाताबरण सिर्जना भएको छ । नेकपा एमालेले यही मौकालाई सदुपयोग गर्न जानेमा अझ धेरै प्रगती हुने संभावना छ । पाटीले सबैलाई समान ब्यवहार गरेर पाटी एक भई चुनावी अभियानमा जाँदा सबैको सजिलै काम भई सबैले राहत पाउँछ भने एमाले पुन पहिलेकै स्थानमा आईपुग्नेछ।

# इंग्ल्याण्ड युरोकपमा इतिहास रच्न असफल

५५ वर्षपछाडि आफ्नो कुनैपनि मुख्य अन्तर्राष्ट्रिय प्रतियोगिताको फाइनल पुगेपनि पराजित हुँदा इंग्ल्याण्ड यूरोकपमा ईतिहाँस रच्न असफल भएको छ । यसअघि सन् १९६६ मा आफैँले आयोजना गरेको आठौँ वर्ल्डकपको उपाधि जितेयता इंग्ल्याण्ड आफ्नो हरेक अन्तर्राष्ट्रिय प्रतियोगिताको फाइनल पुग्न सकिरहेको थिएन।

वर्ल्डकपमा फाइनल पुगेको र उपाधि जितेको ईतिहाँस भएपनि इंग्ल्याण्ड अहिलेसम्म यूरोकपको फाइनल पुग्न सकेको थिएन । इंग्ल्याण्डको यूरोकपमा सबैभन्दा राम्रो प्रदर्शन भनेको १९६८ को तेस्रो संस्करणमा तेस्रो स्थान हाँसिल गर्नु हो। यूरोकपमा १९८४ को सातौं संस्करणदेखि भने तेस्रो स्थानको लागि खेल नखेलाएर सेमिफाइनलमा पराजित हुने दुवै टोली स्वतः तेस्रो र चौथो हुन्छन् । यसपटक इंग्ल्याण्ड पहिलोपटक यूरोकपको फाइनल पुगेपनि ईटालीसँग १-१ को बराबरीपछि टाइब्रेकरमा ३-२ ले पराजित भयो । छनौट खेल्दा इंग्ल्याण्ड समुह ए र ईटाली अन्तिम समुह जे बाट विजेताको हैसियतले छनौट भएर आएका थिए ।

यूरोकपमा छनौट भएर आइसकेपछि छ समुहमध्ये ईटाली परेका थिए। छनौट जस्तै यहाँपनि आ-आफ्ना समुहका विजेता बन्दै सफल भएका थिए । ईटालीले समुहको तीनवटै खेल जितेको थियोभने इंग्ल्याण्डले समुहको तीनमध्ये दुईमा जीत र एक गोलरहित बराबरी खेलेको थियो । दुवै टोली समुहमा अपराजित रहँदै र समुह चरणपछिको नकआउट खेलहरु जित्दै यहाँसम्म आइपुगेका थिए ।

नेपाली समयअनुसार सोमबार बिहान १२:४५ बजे भएर बिहान चार बजेतिर सकिएको १६ औं यूरोकपको फाइनलमा इंग्ल्याण्डले सुरुमै अग्रता लिएको थियो । खेल सुरु भएको दोस्रो मिनेटमा नै डिफेन्डर किएरन ट्रिपरको पासमा डिफेन्डर लुक शले गोल गर्दै इंग्ल्याण्डलाई अग्रता दिलाएका थिए। उनको यो गोल आफ्नो राष्ट्रको लागि पहिलो गोल हो । उनको यो गोल जारी प्रतियोगिताको सबैभन्दा छिटो गोल पनि हो। समुह चरणमा स्वीडेनले पोल्याण्डलाई ३-२ले पराजित गर्दा स्वीडेनका फोर्सबर्गले दोस्रो मिनेटमै गोल गरेपनि यो गोल केहि सेकेण्डले छिटो हुन पुग्यो ।

६७ औं मिनेटमा ईटालीका डिफेन्डर लियोनार्दो बोनुक्कीले बराबरी गोल फर्काएपछि भने दुवै टोलीबाट फरवार्डको साटो डिफेन्डरबाट गोल निस्किँदा फाइनल खेल झन रोमाञ्चक बनेको थियो। ईटालीका लागि बराबरी गोल फर्काउने उनी नै फाइनल खेलको स्टार अफ द म्याच चुनिए । गोल गर्दा उमेरले ३४ वर्ष ७१ दिन भएका उनी यूरोकपको ईतिहाँस गोल गर्ने सबैभन्दा बुढा खेलाडी भएका छन् । यसअघि १९७६ मा जर्मनीका बर्न्ड होल्जेनबिनको ३० वर्ष उमेरको किर्तिमान थियो ।

निर्धारित ९० मिनेटपछिको अतिरिक्त थप ३० मिनेटपनि १-१ कै बराबरी भएपछि फाइनलको नतिजा टाइब्रेकरबाट लिनुपरेको थियो । पेनाल्टी सुटआउटमा ईटालीका डोमेनिको बेरारडी, लियोनार्दो र फेडेरिको बर्नान्डेस्चीले गोल गरेका थिए । दोस्रो प्रहारकर्ता आन्द्रे बेलोटी र पाँचौं प्रहारकर्ता जोर्गिन्होले गोल गर्न सकेनन् । यता इंग्ल्याण्डका कप्तान ह्यारी केन र दोस्रोमा ज्याकोब म्यागुइरले लगालग दुई पेनाल्टीमा गोल गरेपनि त्यसपछिका मार्कस रासफोर्ड, जाडोन साञ्चो र बुकायो साकाले लगालग पेनाल्टी खेर फाले ।

इंग्ल्याण्डका अन्तिम पेनाल्टी प्रहारकर्ता साकाले गोल गरेको भए खेल थप रोमाञ्चक हुँदै सडनडेथमा जान सक्थ्यो । तर उनले इंग्ल्याण्डका अन्तिम आश खेर फालेपछि ईटाली दोस्रोपटक यूरोकपको उपाधि उचाल्न सफल भयो । यसअघि ईटालीले १९६८ मा आफैँले आयोजना गरेको तेस्रो संस्करणको उपाधि उचालेको थियो । उपाधिसँगै १० मिलियन यूरो जिताउन महत्वपूर्ण भुमिका खेलेका ईटालीका गोलरक्षक गियनलुगि डोनारुम्मा प्रतियोगिताको उत्कृष्ट खेलाडी चुनिए।



बिबेक राई

यूरोकपमा कुनैपनि गोलरक्षकले उत्कृष्ट खेलाडीको पुरस्कार जितेको यो पहिलो हो । स्पेनका १८ वर्षिय पेड्री यसपटकको युवा खेलाडीको उपाधि जित्न सफल भए । पोर्चुगलका क्रिश्चियानो रोनाल्डोले गोल्डेन बुट पाए। चेक रिपब्लिकका प्याट्रिक सिकले पनि पाँच गोल नै गरेको भएपनि रोनाल्डोले एक गोलमा पाससमेत मिलाइदिएका हुनाले सर्वाधिक गोलकर्ताको पुरस्कार पाउन सफल भए। उपविजेतामा सीमित भएको इंग्ल्याण्डले सात मिलियन यूरोमा चित्त बुझायो ।


# बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।
सम्पर्क - ९८६८१९८५२४ / ९८०२३१५२९६

*प्रोपाइटर* - भरत चामलिङ राई

# प्रियंका फैन्सी पसल गाईघाट, मेनचोक



यहाँ सुपथ मुल्यमा कुर्था, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड बिमलाा कोल्ड स्टोर, तिम्ला फोटो स्टुडियो सँगै ।
**सम्पर्क-९८४२८७६६८४**

## काङ्ग्रेस .....



नेपाली काङ्ग्रेस र जनता समाजबादी नगर कमिटीले चौदण्डीगढी नगरपालिकाको बेल्टार बजारमा आयोजना गरेको दिपप्रज्वलन कार्यक्रम । तस्बिर - मुलुकी



नेकपा माओवादी केन्द्रले उदयपुर जिल्लाको बेलका नगरपालिकाको रामपुर बजारमा आयोजना गरेको दिपप्रज्वलन कार्यक्रम ।
तस्बिर - मुलुकी

रहेका प्रधानमन्त्री ओलीकोतानाशासी कदमलाईन्यायालयले लिकमा ल्याएको बताए। उता वाईसिएलका जिल्ला अध्यक्ष ज्ञानेन्द्र मगरले बिग्रँदै गएको नेपाली राजनीतिलाई सही दिसामा ल्याउन सर्वोच्चको फैसला ऐतिहासिक र महत्वपूर्ण रहेको बताए। फैसलाले ओलीलाई परास्त गरेकोमा नभएर सम्पूर्ण देशवासीलाई न्याय मिलेको खुसीयालीमा आफूहरुले दिपावली गरेको मगरले बताए। दिपावली कार्यक्रममा माओवादी केन्द्रका जिल्ला अध्यक्ष विनोद कटुवाल (दिवस), युवा नेता किरप राई, अखिल क्रान्तिकारी जिल्ला अध्यक्ष बाबु विमल कार्कीलगायत नेता कार्यकर्ताको सहभागिता थियो। त्यसै गरी उदयपुरको जिल्लाको चौदण्डीगढी नगरपालिकाको बेल्टार बजारमा पनि दिप प्रज्वलन गरेका हुन। बेल्टारका नेपाली काङ्ग्रेस, जनता समाजवादी पार्टी र माओवादी केन्द्रले सोमबार साँझ बेल्टारको पुष्पलाल चोकमा दीप प्रज्वलन गरेका हुन्। जिल्लाको पूर्वी नगरपा बेलका नगरपालिकाकोरामपुर बजारमा नेकपा माओवादी केन्द्रले दिप प्रज्वलन गरि दिपावली मनाएको हो।

## माईलो .....

उनी नेपाली काङ्ग्रेस उदयपुको तरुण दलको संयोजक पनि हुन । सुमन्त कोईराला यस अघि नेपाली उदयपुरनिर्वाचन छेत्रीय प्रतिनिधि थिए । उनि निमाण ब्याबसायी पनि हुन ।

उनको निर्माण ब्यावशायको नाम चन्दन कन्ट्रक्सन कम्पनी हो । उनको चन्दन कन्ट्रक्शनले रुपाटार प्रहरीचौकी, साउने प्रहरी चौकी निमाण गरेको कोइरालाले बताए। उनी यस निर्माण क्षेत्रमा लागेको १० बर्ष भयो । उनलाइ राजनीति छेत्रमा लागेका मानिसह्रु जे कुरा गर्छु भन्छन् । तर पूरा नगरेको उनले पाएका छन् । अब आउने निर्वाचनमा काङ्ग्रेस पाटी बाट निर्बाचनमा उठ्ने बताए । उनी भन्छन् शिक्षा स्वास्थ्य रोजगारी मध्ये शिक्षा खाध्यन निशुल्क हुनुपर्ने उनको तर्क छ। रोजगारी भन्दा पनि शिक्षामा कोटा प्रणाली हुँदा समाजलाई अगाडी



बढाउन सकिने उनको भनाई छ ।

२०६१ सालमा २७ बर्षको उमेरमा इटहरी ससुराली भएका सरला नेपालसँग बिबाहा गरेका कोईरालाका दुई छोराहरु जेठो १४ र कान्छो १० बर्ष छन् । उनका श्रीमती सरला नेपाल भने घरब्यवहार चलाउँछिन्। अन्याय सहन नसक्ने स्वभावका सुमन्त कोईराला सानैदेखि समाजलाई नजिकबाट देख्न पाए। त्यसैले उनी उनका दाजु र भाई जस्तै विदेश गएनन् सानो ठुलो जिम्मेवारी लिएर जन्मथलोमै बसे । थोरै धेरै जन्मथलोलाई बिकास गर्नमा टेवा पुर्याए।

नेपालको ७५ जिल्ला घुमेका कोईराला बिदेश थाईल्याण्ड, भारत लगायतका देश घुमेका छन्। समाजसेवा, राजनीति बाहेक उनी खेलकुद, मनोरञ्जनमा पनि निपुर्ण छन्। आगामी दिन आफ्नो ब्यावशायलाई ब्यबस्थित गरेर राजनीतिमा होमिएर समाजसेवा गर्ने उनको योजना छ ।




त्रिनपा - १० बोक्से यलम्बर टोल । यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ। साथै र ाँगा,बंगुर र ब्रोईलर कुखुराको मासु पनि उपलब्ध छ।

# एस एण्ड एस सप्लायर्स



# सगरमाथा
## डिपाटमेन्ट स्टोर
## गाईघाट, उदयपुर




प्रोपाइटर - किरण चामलिङ राई


# हार्दिक श्रद्धाञ्जली



जन्म-२०३४-६-९

स्वर्गारोहण
वि.स. - २०७८-३-१५

स्वर्गिय - सुर्यबहादुर खड्का(अमृत)

नेपाल निर्माण व्यवशायी संघ उदयपुरका सचिव सुर्यबहादुर खड्का (अमृत) को मिति २०७८ साल असार १५ गते असामयिक निधनले मर्माहत भएका छौ । दुखको यस घडिमा शोकसंतप्त परिवारजनमा गहिरो संवेदना प्रकट गर्दछौ । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ ।

अध्यक्ष
कौशल कुमार आचार्य

महासचिव
राजु रोका

एवम निर्माण व्यवसायी संघ,
उदयपुर परिवार

# माईलो सुमन्त कोईरालाको सामाजिक काममा रुची

❖ बेद कुमारी राई / मनिता कुमारी राई









सुमन्त कोइरालाले २०७४ असारमा भएको स्थानीय निर्बाचनमा दुई सय मत बढि पाएका थिए भने अहिले उनी वडाध्यक्षको जिम्मेवारीमा हुन्थे ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट रहेको त्रियुगा नगरपालिका वडा नम्बर ११ गाईघाटबासीको दुई सय मत कमी हुँदा उनी वडाध्यक्ष हुनबाट पछि परे । निमार्ण ब्याबसायी सुमन्त कोईराला उदयपुर जिल्लाको सदरमुकाम रहेको गाईघाट बजारमा बि.स. २०३४ सालमा भएको थियो । उनी जन्मिदा तत्कालिन गाईघाट पन्चायतको वडा नं. ४ थियो ।

अहिले त्रियुगा नगर प्रहरी जुन घरमा भाडामा बसेका छन् त्यही घरमा सुमन्त कोईराला जन्मेका थिए । पहिला र अहिले गाईघाट धेरै फरक रहेको उनले आफ्नै आँखाले देखेका छन् । सुमन्त कोइराला ३ दाजुभाइ हुन् । तिन दाजुभाई मध्ये उनि माइला छोरा हुन् । उनको जेठो दाजु अमेरिका र कान्छो भाई अष्ट्रेलियामा बसोबास गर्दछन् भने बुबाआमा काठमाडौमा बस्छन् ।

सुमन्त कोईराला हाल निमार्ण व्याबसायी महासंघको केन्द्रिय सदस्यको जिम्मेवारीमा छन् । त्रियुगा नगरपालिका वडा नम्बर ११ गाईघाट बजारको वडाध्यक्षको निर्बाचनमा उनी नेकपा एमालेका बिश्वराज भटराईसँग २ सय मतले हारेका थिए । उनले त्रियुगा माध्यमिक विद्यालय गाईघाटबाट २०५१ सालमा एसएलसी पास गरेका थिए । एसएलसी पछि उनी उच्च शिक्षा हासिल गर्न काठमाडौ गए । त्यहाँबाट उनले आईए सम्मको अध्ययन गरेर पुन गाईघाट फर्के ।

४ बर्ष अघि भएको स्थानीय निकायको चुनाबमा सुमन्त कोईरालाले ८२५ मत प्राप्त गरेका थिए । वडा भित्र रहेको नाली पिच बाटो धलान जस्ता काम वडा अध्यक्षले गर्नुपर्ने उनको तर्क छ । उनको नजरमा अहिले वडामा कुनै काम भएको छैन । पिपल बोट देखि वडा नम्बर ११ को सिमाना सिमलटारसम्म नाली अझैसम्म बन्न नसक्दा स्थानीय वडाबासी पानी पर्दा डुबानमा पर्दछन् ।

त्रियुगा नगरपालिकाको मेयरसंग बिकास निर्माणको बिषयमा कुरा गर्दा आफुले मुद्दा खेप्नु परेको कोइरालाले बताए । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आएको बजेटले टोपि र बुट लगायर २ दिन जति मजदुरहरुलाई काम लगायर कोषको दुरुपयोग भएको उनको गुनासो छ । - *बाँकी ३ पेजमा*


# आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ

# भिमरैता हस्पिटलको सेवा गाईघाट, उदयपुर

हस्पिटल प्रमुख डाक्टर निर्मला चौधरीको कमाण्डमा २४ सै घण्टा सेवा दिईनेछ ।




स्थान. गाईघाट असारी रोड । सम्पर्क.९८१६७४५६१७

## हाम्रा सेवाहरु-

१, डा. निर्मला चौधरी (MBBS)
२, डा.राम नारायण चौधरी( बालरोग बिशेषज्ञ)
३, डा.मनोज चौधरी(छाला रोग बिशेषज्ञ)
४, डा. सरोजकुमार साह(हार्डजोर्नी तथा नशा रोग बिशेषज्ञ)
५, डा. साधना साह( स्त्री रोग बिशेषज्ञ)
६, डा.रबिन्द्र चौधरी( वरिष्ठ फिजिसियन
७, डा. बलेश्वर यादव( नाँक,कान,घाँटी रोग बिशेषज्ञ)
६, डा. सुवास कुमारचौधरी( MBBS) युरोसर्जन


माझखर्क सारोकारी सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट